बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

परिपत्र नं. १८

बी.स. ९५ (२०७६/०७७) च.नं. ४०३०

मिति: २०७६/१२/१०

**श्री ईजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरु,**

विषय: **निर्देशन सम्बन्धमा।**

विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) का कारण नेपाल सरकारले अत्यावश्यक सेवा बाहेकका अन्य सेवा बन्द गरेको अवस्थामा उक्त अवधि भरका लागि देहायको व्यवस्था गरिएको व्यहोरा ईजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरु, बीमितहरू एंव सर्वसाधारणहरूलाई जानकारी गराइन्छ :-

(क) निर्जीवन बीमा कम्पनीहरुले बीमालेखको अवधि समाप्त हुनु अघि नै बीमितलाई पर्याप्त सूचना उपलब्ध गराई सुसूचित हुने व्यवस्था गर्नुहुन साथै बीमालेख जारी गर्दा वा नवीकरण गर्दा जुनसुकै माध्यमबाट बीमाशुल्क संकलन गर्ने व्यवस्था गर्नहुन,

(ख) जीवन बीमा कम्पनीहरु तर्फ हाल भुक्तानी गर्नु पर्ने किस्ता भुक्तानी गर्न नसकेको कारणले बीमालेख व्यतित नहुने र उक्त बीमा शुल्क सबै सार्वजनिक सेवा सामान्य भएको मितिले पन्ध्र (१५) दिन भित्र बुझाएमा किस्तामा ब्याज नलाग्ने व्यवस्था गर्नुहुन।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**
श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np